जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ ● अंक ३५० ● २०८३ असोज २२ गते विहिवार ● 8 Oct. 2026 ● पृष्ठ ४ ● मुल्य रु.५/-

## राजर्षिजनक विश्वविद्यालयद्वारा ५१ करोडभन्दा बढीको बजेट प्रस्तुत, नयाँ शैक्षिक कार्यक्रम र डिजिटलाइजेशनमा जोड




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २१ असोज

राजर्षिजनक विश्वविद्यालयले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल ५१ करोड १७ लाख २ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ ।

विश्वविद्यालयको सिनेट बैठक (सभा) मा प्रस्तुत वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव अनुसार पूँजीगततर्फ २१ करोड ८ लाख ९५ हजार र सञ्चालनतर्फ ३० करोड ८ लाख ७ हजार रुपैयाँ विनियोजन गरिएको छ । विश्वविद्यालय ऐन, २०७४ को व्यवस्था बमोजिम सो बजेट तथा कार्यक्रम स्वीकृतिका लागि सभामा पेस गरिएको हो ।

विश्वविद्यालयले प्राविधिक, व्यावसायिक तथा सामयिक शैक्षिक कार्यक्रमहरूलाई तीव्रता दिँदै गत आव २०८२/०८३ को प्रगति विवरण पनि सार्वजनिक गरेको छ । हाल विश्वविद्यालय मातहत आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरूमा गरी कुल ५,९२७ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। विश्वविद्यालयले स्नातक तथा स्नातकोत्तर तहका २० भन्दा बढी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएकोमा पछिल्लो समय बिआइटी, एमसिए, बिए एलएलबी, एलएलएम लगायतका ९ वटा नयाँ विषयका कक्षाहरू समेत सञ्चालनमा ल्याइसकेको छ । प्रस्तावित नयाँ कार्यक्रमअन्तर्गत आगामी शैक्षिक सत्रमा कम्तीमा ५ हजार नयाँ विद्यार्थी भर्ना गर्ने र विश्वविद्यालय अनुदान आयोगको निर्देशानुसार एकीकृत शैक्षिक क्यालेन्डर पूर्ण रूपमा लागू गर्ने लक्ष्य राखिएको छ । प्राविधिक शिक्षालाई व्यवस्थित गर्न 'स्कुल अफ हेल्थ साइन्स' सञ्चालनमा ल्याइएको छ भने विद्यार्थीहरूलाई प्रयोगात्मक अभ्यासका लागि विभिन्न अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानहरूसँग सम्झौता (MoU) गरी कार्य अघि बढाइएको छ। यसका साथै, जेहेन्दार विद्यार्थीहरूका लागि 'सिक्दै कमाउँदै' अवधारणा र बजारको मागमा आधारित पाठ्यक्रम लागू गरिएको छ । विश्वविद्यालयको आफ्नै भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै धनुषाको नगराइनमा प्राप्त ९ बिघा १४ कठ्ठा जग्गामा विस्तृत आयोजना प्रतिवेदन बमोजिम आधुनिक शैक्षिक भवन निर्माण प्रक्रिया थालिनेछ ।

यस्तै, रौतहटको गौरमा मधेश प्रदेश सरकारको सहकार्यमा पण्डित मंगलकुमार उपाध्याय बहुमुखी क्याम्पस भवन निर्माण गरिनेछ भने काठमाडौंमा हाल सञ्चालित कानूनका कार्यक्रमहरूलाई थप व्यवस्थित बनाउन छुट्टै आंगिक क्याम्पस स्थापना गर्ने प्रस्ताव अघि सारिएको छ । मधेस प्रदेशको बारा जिल्लामा प्रविधि विषयको आंगिक क्याम्पस स्थापना गर्ने प्रक्रियालाई पनि निरन्तरता दिइएको छ ।

प्राज्ञिक साख र अनुसन्धान प्रवर्द्धनका लागि आगामी आवदेखि उच्चस्तरीय 'रिसर्च एन्ड इनोभेसन' निकाय संस्थागत रूपमा स्थापना गरिनेछ। विश्वविद्यालयले दुईवटा विशिष्टीकृत विधामा अनुसन्धान जर्नल प्रकाशन गर्ने र पूर्वीय दर्शन, रामायण सर्किट, मिथिला कला तथा संस्कृतिको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय सम्मेलन एवं कार्यशालाहरू आयोजना गर्ने योजना बनाएको छ । साथै, विद्यार्थीहरूको सर्वांगीण विकासका लागि 'सांस्कृतिक प्रतिभा कार्यक्रम' र शैक्षिक गुणस्तर सुधारका लागि दोस्रो दीक्षान्त समारोह आयोजना गरिनेछ । विश्वविद्यालयको प्रशासनिक, आर्थिक र प्राज्ञिक कार्यप्रणालीलाई प्रविधिमैत्री बनाउन "पूर्ण डिजिटलाइजेशन" को नीति अघि सारिएको छ । आगामी शैक्षिक सत्रदेखि सिकाई व्यवस्थापन प्रणाली, एकीकृत क्याम्पस व्यवस्थापन प्रणाली, र विश्वविद्यालय अनुदान आयोगसँग सूचना आदानप्रदान गर्न एचएमईएस (HEMIS) प्रणाली पूर्ण रूपमा एकीकरण गरिनेछ । परीक्षा प्रणाली, भर्ना प्रक्रिया, मानव संसाधन र लेखा प्रणालीलाई समेत अनलाइन र केन्द्रीकृत ढाँचामा ढालिने जनाइएको छ ।

यसैबीच, विश्वविद्यालयको संगठन संरचना तथा व्यवस्थापन नियमावली, २०७५ को नियम १०० मा संशोधन गरी डीन पदको छनौट प्रक्रियालाई थप व्यावहारिक र फराकिलो बनाउने प्रस्ताव पेस गरिएको छ । बैठकमा कार्यकारी परिषद्का नवनियुक्त सदस्यहरू प्रा.डा. विद्या सागर वर्मा, सह प्रा.डा. सरोज कुमार ठाकुर र सहायक प्राध्यापक राजीव कुमार पाण्डेयको मनोनयनलाई समेत सभाबाट अनुमोदनका लागि पेस गरिएको छ । बुधबारको सिनेट बैठकमा शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले सम्बोधन गर्नुभएको थियो। सम्बोधनको क्रममा उहाँले मधेशको सार्वजनिक शिक्षालाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो । 'मधेशको शिक्षा सुधार्नको लागि राजर्शीजनक विश्वविद्यालयको एकदमै ठूलो भुमिका छ । यसमा हामीले अझै धेरै काम गर्नुपर्छ, गरिरहेका छौँ,' उहाँले भन्नुभयो ।




## ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन संयुक्त अभियान सुरु

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २१ असोज



जनकपुरधाम उपमहानगरपालिका भित्रको अव्यवस्थित पार्किङ नियन्त्रण गर्दै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन संयुक्त अभियान सुरु गरिएको छ । बुधबारदेखि जिल्ला प्रहरी कार्यालय धनुषा, जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषा र नगर प्रहरीको संयुक्त स्ट्राइक टोली परिचालन गरी सडक तथा सार्वजनिक स्थानमा जथाभावी पार्किङ गरिएका सवारीसाधन हटाउने अभियान थालिएको हो ।

अभियान अन्तर्गत बुधबार जिरोमाइल बसपार्कदेखि रामानन्द चोकसम्म प्रहरी तथा नगर प्रहरीको टोली परिचालन गरिएको थियो । टोलीले सिट्ठी बजाउँदै सडकमा अव्यवस्थित रूपमा रोकिएका तथा पार्किङ गरिएका सवारीसाधनलाई व्यवस्थित स्थानमा पार्किङ गर्न आग्रह गर्नुका साथै सडक आवागमनमा अवरोध हुने गरी गरिएका पार्किङ हटाएको जनाएको छ ।

जथाभावी पार्किङका कारण जनकपुरधामका मुख्य सडक तथा चोकहरूमा सवारी आवागमन प्रभावित हुँदै आएको भन्दै प्रहरीले ट्राफिक व्यवस्थापनलाई नियमित र प्रभावकारी बनाउन अभियान सञ्चालन गरिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले सडकमा जथाभावी सवारीसाधन पार्किङ गर्ने प्रवृत्तिले ट्राफिक व्यवस्थापनमा समस्या सिर्जना गर्नुका साथै सर्वसाधारणलाई समेत आवागमनमा कठिनाइ हुने भएकाले अभियान सञ्चालन गरिएको बताए । उनले भने, 'सडकमा जथाभावी पार्किङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै सवारी आवागमन सहज र सुरक्षित बनाउने उद्देश्यले संयुक्त रूपमा अभियान सञ्चालन गरेका हौँ । अभियानलाई आवश्यकता अनुसार जनकपुरधामका अन्य क्षेत्रहरूमा समेत निरन्तरता दिइनेछ ।' प्रहरीका अनुसार अभियानका क्रममा चालक तथा सवारीधनीलाई सडकमा जथाभावी पार्किङ नगर्न सचेत गराउँदै ट्राफिक नियम पालना गर्न आग्रह गरिनेछ । अभियानले जनकपुरधामको बढ्दो सवारी चाप व्यवस्थापन गर्नुका साथै पैदलयात्री र सर्वसाधारणको आवागमनलाई समेत सहज बनाउने विश्वास गरिएको छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१

जि. महोत्तरी ह.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय......................

# लोकतन्त्रको पक्ष मजबुत गर

कुनै समय नेपालमा नागरिकले बोल्न पाउनु नै राजनीतिक परिवर्तनको ठूलो आकांक्षा रहेको थियो । शासनमाथि प्रश्न उठाउँदा दण्डित हुनुपर्ने व्यवस्थामा स्वतन्त्रताको अर्थ अत्यन्त ठोस रहेका थिए। त्यो केभन्दा निर्भय भएर आफ्नो कुरा भन्न पाउनु, संगठित हुन पाउनु र आफूलाई शासन गर्ने व्यक्ति रोज्न पाउनु । त्यस अधिकारका लागि मानिसले जागिर गुमाए, परिवारबाट छुट्टिए, जेलको ढोका पार गरे र जीवनसमेत अर्पण गरे । आज सार्वजनिक जीवनमा हामीले सहज ठानेका धेरै अधिकारको जगमा त्यस्तै असहज समयको त्याग रहेका छन । तर लोकतन्त्रको यात्रा त्यहीँ पूरा हुँदैन, जहाँ नागरिकले सरकारको आलोचना गर्न पाउँछन । उसले आलोचना गरेको समस्या समाधान हुने बाटो पनि भेट्नुपर्छ । अस्पतालको ढोकामा उपचारको पालो कुर्दै गरेको मानिस, उत्पादनको मूल्य नपाएर अर्को वर्ष खेती गर्ने कि नगर्ने भन्ने दोधारमा परेको किसान र पढाइ सकेर आफ्नो श्रमको ठाउँ खोजिरहेको युवाका लागि लोकतन्त्रको अर्थ दैनिक जीवनसँग गाँसिएको हुन्छन। अधिकारले उसलाई बोल्ने साहस दिन्छ। जवाफदेही शासनले आफ्नो आवाजको अर्थ छ भन्ने भरोसा दिन्छन । आजको कठिन प्रश्न उपलब्धि भए कि भएनन् भन्ने मात्र छैन । उपलब्धि हुँदाहुँदै नागरिकको ठूलो हिस्साले आफ्नो जीवन किन असुरक्षित ठानिरहेको छ भन्ने पनि रहेका छन । घरमा बिरामी पर्दा वर्षौंको बचत सकिने डर, सन्तानको शिक्षा धान्न बढ्दै जाने ऋण, रोजगारीका लागि परिवार छुट्टिनुपर्ने बाध्यता र सामान्य सरकारी काममा समेत पहुँच खोज्नुपर्ने अनुभवले राजनीतिक परिवर्तनको अर्थमाथि प्रश्न उठाउँछ । यी प्रश्नलाई व्यवस्था विरोधी भनेर पन्छाउँदा लोकतन्त्रको पक्ष कमजोर हुने देखिन्छ ।

# बर्दिबासमा रक्षा संवाददाता अभिमुखिकरण कार्यक्रमको उद्घाट्न समारोह समपन्न

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २१ असोज




महोत्तरीको बर्दिबासमा मंगलबार श्री मध्य पूर्वी पृतना हे.क्वा.को सभाहलमा संचालित रक्षा संवाददाता अभिमुखिकरण कार्यक्रमको उद्घाट्न समारोह समपन्न भएको छ ।

यस उद्घाट्न समारोहको प्रमुख अतिथि पृतनापति उपरथी भुवन खत्रीले मधेस प्रदेशका ८ वटा जिल्लाहरु तथा वागमति प्रदेशका ३ वटा जिल्लाहरु रामेछाप,दोलखा र सिन्धुली गरी ११ जिल्लाबाट उपस्थित १ जना महिला सहित २१ जना पत्रकारहरुलाई तालिमको सफलताको शुभकामना व्यक्त गर्नु भएको छ ।

पृतनापति खत्रीले नेपाली सेना र संचारकर्मीहरु वीचको परस्पर सम्बन्धबाट नै देशको विकासमा टेवा पुग्ने बताउनु भएको छ । उद्घाटन पश्चात फरक फरक प्रशिक्षकहरुले नेपाली सेनाको ऐतिहासिक पृष्ठभूमि,सैनिक जिवनमा कल्याणकारी कोष,नेपाली सेनाले गर्ने काम,नेपाली सेनाको योगदान,नेपाली सेनाको सामाजिक उत्तरदायित्व,संचारकर्मीहरुको आचारसंहिता लगायतका विषयहरुमा केन्द्रित भई सहभागिहरुलाई पहिलो दिन प्रशिक्षित गरिएको छ ।

रक्षा संवाददाता अभिमुखिकरण कार्यक्रम मंगलबार शुरु भई असोज २३ गते शुक्रबार समापन भई उपस्थित सहभागि संचारकर्मीहरुलाई प्रमाणपत्र प्रदान गरिने आयोजकले जानकारी गराएको छ। प्रशिक्षक तथा वरिष्ठ पत्रकार बृज किशोर यादवलाई मायाको चिनोले सम्मान समेत गरिएको थियो ।

# महोत्तरीमा ‘चाडपर्व लक्षित एकीकृत सुरक्षा योजना-२०८३’

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २१ असोज



नेपालीहरूको महान् चाड बडादसैं, दीपावली, नेपाल संवत् तथा छठ पर्वलाई लक्षित गर्दै महोत्तरीमा ‘चाडपर्व लक्षित एकीकृत सुरक्षा योजना-२०८३’ लागू गरिएको छ ।

चाडपर्वका समयमा हुने बढ्दो आवतजावत, बजार गतिविधि तथा सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार चाडपर्व अवधिमा नागरिकको जीउधनको सुरक्षा, शान्ति सुव्यवस्था तथा सामाजिक र साम्प्रदायिक सद्भाव कायम गर्नु सुरक्षा योजनाको प्रमुख उद्देश्य रहेको छ ।

खुला सीमा नाकाबाट हुने अवैध आवतजावत तथा चोरी पैठारी, पटका र हातहतियारको ओसारपसार नियन्त्रण, सवारी दुर्घटना तथा यात्रु ठगी रोकथाम र बजारमा कालोबजारी नियन्त्रणलाई समेत प्राथमिकतामा राखिएको छ । सुरक्षा योजनाअन्तर्गत नेपाल भारत खुला सीमा क्षेत्रमा चौबीसै घण्टा पिकेट, चेकपोइन्ट तथा संयुक्त गस्ती परिचालन गरिएको छ । पूर्वपश्चिम लोकमार्ग तथा जिल्लाका भित्री सडकमा आकस्मिक चेकिङ र मोबाइल गस्ती बढाइएको छ भने बजार, बैंक तथा वित्तीय संस्थाहरूमा पैदल गस्ती र सादा पोशाकका सुरक्षाकर्मी परिचालन गरिएको प्रशासनले जनाएको छ । चाडपर्वका समयमा यात्रुलाई सहजता प्रदान गर्न मुख्य बसपार्क तथा सीमा नाकामा सहायता कक्ष र हेल्थ डेस्कसमेत सञ्चालनमा ल्याइएको छ । दुर्गा पूजा, मेला तथा मूर्ति विसर्जनका कार्यक्रम पूर्वस्वीकृत रुट तथा समय तालिका अनुसार सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

सम्भावित आगलागी तथा अन्य विपद् व्यवस्थापनका लागि स्थानीय तहका दमकल, एम्बुलेन्स तथा विपद् उद्धार टोलीलाई चौबीसै घण्टा तयारी अवस्थामा राखिएको प्रशासनले जनाएको छ ।

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम फिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता

क्षिरेश्वरनाथ नगरपालिका कार्यालय

धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने

वृष: अनावश्यक खर्चको संभावना

मिथून: मित्रतामा फाटो आउने

कर्कट: खानपानमा समस्या आउने

सिंह: मनमा पछुतो आउने

कन्या: पढाईमा ध्यान दिनुपर्ने

तुला: विचार गरेर बोल्नुहोला

वृश्चिक: आम्दानी हुने

धनु: अनावश्यक चिन्ता

मकर: पिछडेको साथी मिल्ने

कूम्भ: लामो यात्राको योग छ

मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# रुसमा प्रयोगशाला कर्मचारीको मृत्युबारे डब्लुएचओले माग्यो थप जानकारी




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले रुसमा प्लेगसम्बन्धी खबर सार्वजनिक भइरहेका बेला प्रयोगशालाका एक कर्मचारीको मृत्यु र अर्का कर्मचारीमा देखिएको गम्भीर निमोनियाबारे थप जानकारी उपलब्ध गराउन रुसी अधिकारीसँग आग्रह गरेको छ । डब्लुएचओका महानिर्देशक टेड्रोस अधानोम गेब्रेयससले सम्भावित जनस्वास्थ्य जोखिमको सही मूल्याङ्कन गर्न समयमै, पूर्ण र पारदर्शी रूपमा सूचना आदानप्रदान आवश्यक रहेको बताएका छन् ।

उनले आवश्यक परे मस्कोलाई प्राविधिक सहयोग उपलब्ध गराउन डब्लुएचओ तयार रहेको बताए । टेड्रोसले सामाजिक सञ्जाल 'एक्स'मा डब्लुएचओले इर्कुत्स्कस्थित एन्टी-प्लेग रिसर्च इन्स्टिच्युटमा प्रयोगशालाका एक कर्मचारीको मृत्युबारे अनुसन्धान गरिरहेको उल्लेख गरे ।

उनका अनुसार ती कर्मचारीलाई अक्टोबर २ मा गम्भीर निमोनियाका कारण अस्पताल भर्ना गरिएको थियो र पछि उनको मृत्यु भएको थियो ।

प्रारम्भिक सञ्चारमाध्यमका खबरमा प्रयोगशालामा भएको भनिएको दुर्घटनात्मक सम्पर्कपछि ती कर्मचारीमा 'न्युमोनिक प्लेग' सङ्क्रमण भएको हुन सक्ने उल्लेख गरिएको थियो । तर, डब्लुएचओले यसबारे थप आधिकारिक जानकारी मागेको छ । डब्लुएचओले शनिबार अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन (आइएचआर) अन्तर्गत रुसी अधिकारीसँग घटनाबारे जानकारी मागेको थियो । आइएचआर सीमापार फैलिन सक्ने जनस्वास्थ्य जोखिम तथा आपत्कालीन अवस्थाको व्यवस्थापनका लागि देशको अधिकार र दायित्व निर्धारण गर्ने कानुनी रूपमा बाध्यकारी अन्तरराष्ट्रिय ढाँचा हो ।

यसअन्तर्गत देशले आइएचआरका अनुरोधमा समयमै जानकारी उपलब्ध गराउनुपर्ने हुन्छ । रुसले मङ्गलबार आइएचआरलाई जवाफ दिएको थियो ।

# राजपाल यादवलाई सर्वोच्चको चेतावनी : अहङ्कार सही ठाउँमा देखाउनुस्, तपाईंको ठाउँ जेलमा हो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज

भारतीय सर्वोच्च अदालतले चेक बाउन्सको लामो समयदेखि जारी मुद्दामा एक निजी कम्पनीको बक्यौता रकम तिर्ने प्रतिबद्धता पूरा नगरेपछि अभिनेता राजपाल यादवलाई चेतावनी दिएको छ । प्रधानन्यायाधीश सूर्यकान्त, न्यायाधीश जोयमाल्या बागची र न्यायाधीश वी. मोहनाको इजलासले गत सेप्टेम्बर १५ मा यादवलाई दुई हप्ताको अन्तिम समय दिँदै रकम भुक्तानीको ठोस प्रस्ताव ल्याउन र अदालतको रजिस्ट्रीमा २ करोड रुपैयाँ जम्मा गर्न निर्देशन दिएको थियो । सोमबार भएको सुनुवाइमा दुई हप्ताको अवधि सकिँदा पनि अक्टोबर ५ सम्म कुनै भुक्तानी नभएको भन्दै अदालतले गम्भीर असन्तुष्टि व्यक्त गरेको छ । सुनुवाइका क्रममा यादवका तर्फबाट उपस्थित वकिलले विपक्षी कम्पनी गरिब नभएको तर्क प्रस्तुत गरेका थिए ।

उक्त तर्कप्रति न्यायाधीश बागचीले आपत्ति जनाउँदै भने, 'उनीहरू तपाईंभन्दा धनी हुन सक्छन्, तर तपाईंले उनीहरूको रकम हडप्नुभएको छ । यो अहङ्कार सही ठाउँमा देखाउनुपर्छ । कहिले मुख खोल्ने भन्ने ज्ञान हुनुपर्छ, तपाईंको ठाउँ जेलमा हो ।'



इजलासले मंगलबारसम्म बक्यौता रकम भुक्तानी गर्न निर्देशन दिँदै बुधबारका लागि यो मुद्दालाई पहिलो सूचीमा राखेर सुनुवाइ तोकेको छ । अदालतले यादवको पुनरावेदन खारेज गर्न सकिने भए पनि त्यसो गर्दा पीडित पक्षले रकम असुल गर्ने सम्भावना प्रभावित हुने भएकाले रोकिएको स्पष्ट पारेको छ ।

सुनुवाइमा यादवका वकिलले ५० लाख रुपैयाँको डिमान्ड ड्राफ्टको प्रतिलिपि प्रस्तुत गर्दै बैंकमा ड्राफ्ट बनाउने प्रक्रिया जारी रहेको बताएका थिए । तर उक्त ड्राफ्ट सक्कली भए-नभएकोबारे यकिन नभएको अदालतले जनाएको छ ।

# नगर सभापतिमा साह सर्वसम्मतले चयन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २१ असोज

नेपाली कांग्रेस जनकपुरधाम उपमहानगरपालिकाको १५ औं नगर अधिवेशनबाट राकेश विक्रम साह नगर सभापतिमा सर्वसम्मत चयन भएका छन् ।

अधिवेशनबाट साहलाई नगर सभापतिमा सर्वसम्मत चयन गरिएको हो । त्यस्तै, सुभाष पाठक उपसभापतिमा चयन भएका छन् । नेपाली कांग्रेसको जनकपुरधाम




उपमहानगरपालिका नगर कार्यसमितिका अन्य पदाधिकारी तथा सदस्यहरूको विवरण भने आउन बाँकी रहेको छ । अधिवेशनले नयाँ नेतृत्व चयनसँगै आगामी कार्यदिशा र संगठन सुदृढीकरणमा समेत जोड दिने बताइएको छ । नवनिर्वाचित नगर सभापति साहले पार्टी संगठनलाई थप सुदृढ बनाउँदै कार्यकर्ताबीचको एकता र समन्वयलाई प्राथमिकतामा राख्ने बताए ।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
गौशाला नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
जलेश्वर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# प्रदेशका संरचना नबन्नुमा प्रादेशिक नेतृत्व नै जिम्मेवार

एकातिर भौतिक रूपमा आफ्नै प्रशासनिक केन्द्र खडा हुन नसक्नु र अर्कातिर त्यही केन्द्रबाट सञ्चालन हुनुपर्ने संस्थागत संयन्त्र नै नबन्नुले प्रदेशलाई नागरिकको आँखामा कमजोर बनाइदिएको छ ।

• डा. राजेन्द्र अधिकारी



-नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरे पनि प्रदेशहरूले पूर्ण संरचना, भौतिक पूर्वाधार र कर्मचारी अभावमा पूर्ण क्षमतामा काम गर्न सकेका छैनन् । प्रदेशको आफ्नै स्थायी संसद् भवन, मन्त्रालय र कर्मचारी आवास निर्माणमा सङ्घ सरकारको कानुनी तथा प्रशासनिक अड्चनले ढिलाइ भएको छ । प्रदेश संरचना निर्माणमा सङ्घीय सरकार, राजनीतिक दलहरूको केन्द्रीय नेतृत्व, कर्मचारीतन्त्र र प्रदेश सरकार स्वयं जिम्मेवार छन् । नेपालको संविधान २०७२ ले मुलुकलाई एकात्मक शासन व्यवस्थाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गर्दै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको प्रस्ट संवैधानिक परिकल्पना गऱ्यो ।

सात वटै प्रदेशमा निर्वाचन भए, संसद् र सरकारहरू गठन भए । बजेट वक्तव्यहरू आए र नीति तथा कार्यक्रमहरू पनि घोषणा गरिए, तर सङ्घीयताको मूल मर्म- राज्यशक्ति, स्रोत, प्रशासनिक मेरुदण्ड र सेवा प्रवाहको वास्तविक विकेन्द्रीकरण आजसम्म पनि पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । अहिले नागरिक वृत्तबाट उठ्ने मुख्य प्रश्न 'प्रदेशसँग संविधानमा अधिकार छ कि छैन ?' भन्नेमात्र होइन, मुख्य प्रश्न त संविधानले सुम्पेको जिम्मेवारी पूरा गर्न चाहिने आफ्नै स्थायी मुकाम, भौतिक पूर्वाधार, पर्याप्त कर्मचारी, सुरक्षा संयन्त्र र स्वायत्त स्रोत प्रदेशसँग कति उपलब्ध छन् भन्ने हो । वास्तवमा हामीले संविधानमा लेखेको 'संवैधानिक सङ्घीयता' र धरातलमा अभ्यास भइरहेको 'कार्यान्वयनगत सङ्घीयता' बिच निकै ठुलो खाडल देखिएको छ । भौतिक मुकाम र प्रशासनिक शून्यताको द्वन्द्वः प्रदेशको आफ्नै पूर्ण संरचना किन बन्न सकेन भन्ने बहसको पहिलो पाटो यसको भौतिक उपस्थिति अर्थात् राजधानीसँग जोडिन्छ । सङ्घीयता कार्यान्वयनको यति लामो समय बितिसक्दा पनि अधिकांश प्रदेशहरू आफ्नै स्थायी संसद् भवन, मन्त्रालयका प्रशासनिक परिसर र कर्मचारी आवास निर्माण गर्न नसकेर साबिकका क्षेत्रीय वा जिल्ला स्तरका साँघुरा भवन र भाडाका घरहरूमा खुम्चिन बाध्य छन् । राजधानीको भूगोल र नामकरणमै वर्षौंसम्म अल्झिएको राजनीति जब मुकाम तोक्ने विन्दुमा पुग्यो, तब जग्गा प्राप्ति, वन क्षेत्रको भोगाधिकार र वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता प्रक्रियामा सङ्घ सरकारको कानुनी तथा प्रशासनिक अड्चनले निर्माण कार्यलाई गतिहीन बनाइदियो । एकातिर भौतिक रूपमा आफ्नै प्रशासनिक केन्द्र खडा हुन नसक्नु र अर्कातिर त्यही केन्द्रबाट सञ्चालन हुनुपर्ने संस्थागत संयन्त्र नै नबन्नुले प्रदेशलाई नागरिकको आँखामा कमजोर बनाइदिएको छ ।

कुनै पनि सरकारको प्रभावकारिता केवल राजनीतिक नेतृत्व र मन्त्रिपरिषद्बाट मात्र होइन, स्थायी प्रशासनिक संरचना, प्राविधिक जनशक्ति र सेवा प्रवाहको स्थापित प्रणालीबाट निर्धारित हुन्छ । संविधानको धारा ५७ र अनुसूची-६ ले प्रदेश निजामती सेवाको स्पष्ट अधिकार प्रदेशलाई दिएको छ । विश्व बैंकको नेपाल फिस्कल फेडरालिज्म अपडेट २०२४ ले डिसेम्बर २०२३ सम्ममा सातै प्रदेशले प्रदेश निजामती सेवा ऐन जारी गरिसकेको प्रगति देखाए पनि ऐन बन्नु नै सबैथोक होइन । नियमावली, नियमित पदपूर्ति, वृत्ति विकास, सरुवा-बढुवा र संस्थागत संस्कृतिको अभावमा प्रदेश प्रशासन अझै पनि आफ्नो खुट्टामा उभिन सकेको छैन । स्टेट अफ फेडरालिज्म रिपोर्ट २०२५ ले औँल्याएको तथ्याङ्क निकै भयावह छ । स्वीकृत प्रादेशिक दरबन्दीमध्ये करिब ३८ प्रतिशतमात्र पदपूर्ति भएको छ । ६२ प्रतिशत प्रशासनिक रिक्तता बोकेर कुनै पनि सरकारले आफ्ना संरचना पूर्ण बनाउन र परिणाममुखी काम गर्न सम्भव हुँदैन । सुरक्षा संयन्त्रको अन्योल र विरोधाभासः प्रशासनिक रिक्ततासँगै सुरक्षा संयन्त्रको अपूर्णताले प्रदेशको स्वायत्ततालाई झनै सङ्कुचित बनाएको छ । प्रदेश प्रहरी सङ्घीयता कार्यान्वयनको सबैभन्दा स्पष्ट र संवेदनशील परीक्षण थियो । संविधानले शान्ति सुरक्षा र प्रदेश प्रहरी प्रशासनलाई प्रदेशको एकल अधिकार सूचीमा राखे पनि प्रहरी समायोजन प्रक्रिया र वास्तविक कमाण्ड संरचना आजसम्म सङ्घीय अनिच्छाकै बन्दी बनेको छ । जिल्ला प्रशासन, प्रमुख जिल्ला अधिकारी (सीडीओ) र समग्र सुरक्षा संयन्त्रको निर्णायक प्रभाव संघमै निहित रहँदा प्रदेश सरकारहरू संवैधानिक रूपमा जिम्मेवार भए पनि आफ्नै सुरक्षा संयन्त्र परिचालन गर्न नसक्ने निरीह अवस्थामा छन् । यसले 'जिम्मेवारी प्रदेशमा तर कार्यकारी साधन संघमा' रहने एउटा गम्भीर संरचनात्मक विरोधाभास सिर्जना गरेको छ ।

यसका साथै संविधानको अनुसूची ७ र ९ मा रहेका सङ्घ र प्रदेश तथा तीनै तहका साझा अधिकारका विषयमा अझैसम्म कानुनी र कार्यगत सीमारेखा प्रस्ट हुन सकेका छैनन् । शिक्षा, स्वास्थ्य, पूर्वाधार, वन, कृषि र प्राकृतिक स्रोत जस्ता नागरिकसँग प्रत्यक्ष जोडिएका क्षेत्रमा 'कसले नीति बनाउने, कसले नियमन गर्ने र कसले सेवा दिने ?' भन्ने कार्यविस्तृतीकरणको अस्पष्टता कायमै छ । जब अधिकारको क्षेत्राधिकार धमिलो हुन्छ, तब कामको जिम्मेवारी एउटा तहमा पन्छाउने तर त्यसको स्रोत र नियन्त्रण अर्को तहले आफ्नै मुठीमा राखिरहने प्रवृत्ति मौलाउँछ । ठाडो वित्तीय असन्तुलन र कार्यसम्पादनको सीमाः संविधानका धारा ५९ र ६० ले प्रदेशको वित्तीय अधिकार र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले राजस्व बाँडफाँटको आधार तय गरेका छन् । मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क बाँडफाँटमा संघलाई ७० प्रतिशत तथा प्रदेश र स्थानीय तहलाई १५-१५ प्रतिशत हिस्सा दिइएको छ । यसकारण प्रदेशसँग 'कुनै राजस्व नै छैन' भन्नु तथ्यसंगत नभए पनि खर्चको व्यापक जिम्मेवारीको तुलनामा प्रदेशको आफ्नै आन्तरिक राजस्वको आधार अत्यन्त न्यून छ । प्रदेशले स्वास्थ्य, कृषि, सडक, पूर्वाधार र सामाजिक विकासजस्ता भारी खर्च बेहोर्नुपर्छ, तर ती खर्च धान्ने करका आधार सीमित छन् । स्टेट अफ फेडरालिज्म रिपोर्ट २०२५ का अनुसार प्रदेश तथा स्थानीय तहका बजेटमा सङ्घीय अनुदानको निर्भरता ९० प्रतिशतभन्दा बढी छ । त्यसमा पनि खर्चको उद्देश्य र क्षेत्र केन्द्रबाटै तोकिने सशर्त अनुदानको हिस्सा ठुलो हुँदा प्रदेशको वित्तीय स्वायत्तता नाममा मात्र सीमित हुन पुगेको छ ।

यद्यपि, प्रदेशका संरचना नबन्नुको सम्पूर्ण दोष सङ्घ सरकारलाई मात्र दिएर प्रदेश नेतृत्व उम्किन पाउँदैन । उपलब्ध अधिकार, बजेट र स्रोतको परिचालनमा प्रदेश स्वयंको कार्यसम्पादन क्षमता निकै कमजोर देखिएको छ । विश्व बैंकको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारहरूले आफ्नो कुल बजेटको करिब ३४ प्रतिशत रकम खर्च गर्नै सकेनन् । आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेटबिचको कमजोर तालमेल, आयोजना छनोटमा हुने राजनीतिक स्वार्थ र विखण्डन, अनि राजनीतिक अस्थिरताका कारण प्रदेशहरूले पाएको स्रोतसमेत पूँजीगत पूर्वाधार र आफ्नै संस्थागत संरचना निर्माणमा सदुपयोग गर्न सकेका छैनन् ।

संरचना निर्माणको यो गतिरोध केवल प्राविधिक वा वित्तीय समस्यामात्र होइन, पुरानो राजनीतिक तथा प्रशासनिक संस्कृतिको निरन्तरता पनि हो । हाम्रो कर्मचारीतन्त्र दशकौंदेखि केन्द्र-मन्त्रालय-जिल्लाको एकात्मक ढाँचामा हुर्कियो । सङ्घीयता आएपछि संगठनको नाम परिवर्तन भए पनि निर्णय गर्ने संस्कार र शक्ति सम्बन्ध पुरानै रह्यो । अधिकार, कर्मचारी, सम्पत्ति र बजेट हस्तान्तरणमा देखिएको ढिलासुस्तीमा कानुनी शून्यता मात्र जिम्मेवार छैन, सिंहदरबारमा जरा गाडेर बसेको केन्द्रीकृत सोच र संस्थागत जडता मुख्य बाधक बनेको छ । त्यस्तै, राज्यको संरचना सङ्घीय भए पनि प्रमुख राजनीतिक दलहरूको आन्तरिक निर्णय प्रक्रिया अझै पूर्णतः एकात्मक छ । प्रदेश सरकार कसरी बनाउने, मुख्यमन्त्री वा मन्त्री कसलाई बनाउने, कुन दलसँग गठबन्धन गर्ने जस्ता सामान्य प्रादेशिक राजनीतिक निर्णयहरू समेत काठमाडौँको शीर्ष नेतृत्वको तजविजमा तय हुन्छन् । दलहरूभित्रै प्रादेशिक नेतृत्वलाई स्वायत्तता नहुँदा उनीहरू केन्द्रसँग आफ्ना अधिकार, बजेट र संरचनाका लागि दृढतापूर्वक बार्गेनिङ गर्न सक्दैनन् । अर्कोतर्फ, अन्तरप्रदेश परिषद् र अन्तरसरकारी वित्त परिषद् जस्ता विवाद समाधान र नीतिगत समन्वय गर्ने संवैधानिक संयन्त्रहरू नियमित र परिणाममुखी बन्न नसक्दा साझा सवालहरू संस्थागत रूपमा समाधान हुन पाएका छैनन् ।

प्रदेशका भौतिक तथा प्रशासनिक संरचना नबन्नुमा कसैलाई चोखो राखेर एकतर्फी दोषारोपण गर्न मिल्दैन । यसमा बहुपक्षीय उत्तरदायित्व छ । प्रहरी समायोजन नगर्ने, सङ्घीय निजामती ऐन अड्काउने, पूर्वाधारका लागि जग्गा हस्तान्तरणमा ढिलाइ गर्ने र वित्तीय विकेन्द्रीकरणलाई सङ्कुचित बनाउने सन्दर्भमा सङ्घीय सरकार र संसद् मुख्य रूपमा जिम्मेवार छन् ।

साभार : रातोपाटी ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
बर्दिवास नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
औरही नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday